सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३४९ ♦ २०८३ साल भदौ २५ विहिवार ♦ 10 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## राजनीति फेरियो, संरचना बनेनन् : जेनजी आन्दोलनको एक वर्षपछि पनि मधेशमा पुनर्निर्माण अधुरै

**खबर दर्पण समाचारदाता**

**भदौ २४ गते, बर्दिवास**

जेनजी आन्दोलनले मुलुकको राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन ल्याएको एक वर्ष पुग्न लाग्दा त्यस क्रममा भएको भौतिक क्षतिको असर भने मधेश प्रदेशमा अझै कायमै छ।

आन्दोलनका क्रममा क्षतिग्रस्त सरकारी कार्यालय, सुरक्षा निकायका संरचना, सवारी साधन तथा स्थानीय तहका भौतिक पूर्वाधारमध्ये धेरै संरचना अझै पूर्णरूपमा पुनर्निर्माण हुन सकेका छैनन्।

राष्ट्रिय योजना आयोगको क्षति मूल्याङ्कनसम्बन्धी प्रतिवेदनअनुसार जेनजी आन्दोलनका क्रममा मधेश प्रदेशमा सरकारी संरचना तथा सवारीसाधनमा गरी करिब चार अर्ब ५२ करोड ६५ लाख रुपियाँ बराबरको क्षति भएको थियो। आन्दोलनका क्रममा प्रदेशभरिका २९७ सरकारी कार्यालयमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ।

प्रदेश सरकारअन्तर्गतका कार्यालयमा मात्रै करिब ५७ करोड ३५ लाख ५२ हजार रुपियाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको थियो। सरकारी कार्यालयसँगै प्रहरीका कार्यालय, सुरक्षा संरचना तथा सवारी साधनमा समेत उल्लेख्य क्षति पुगेको थियो।

आन्दोलनको एक वर्ष बितिसक्दा पनि सबै क्षतिग्रस्त संरचना पुरानै अवस्थामा फर्किन सकेका छैनन्। कतिपय कार्यालय सामान्य मर्मतपछि सञ्चालनमा आए पनि संरचनागत रूपमा ठूलो क्षति पुगेका भवनको पूर्ण पुनर्निर्माण भने अझै बाँकी रहेको अवस्था छ। भवन, फर्निचर, विद्युतीय उपकरण तथा अन्य सामग्रीमा भएको क्षतिका कारण कतिपय सरकारी निकायले अस्थायी वा कामचलाउ व्यवस्थाबाट सेवा प्रवाह गर्नुपरेको थियो।

जेनजी आन्दोलनको प्रभाव मधेश प्रदेशसभाका संरचनामा समेत परेको थियो। प्रदेशसभा भवन तथा सचिवालयअन्तर्गतका बैठक कक्ष, विभिन्न समितिका कार्यालय, फर्निचर, विद्युतीय उपकरणलगायतमा क्षति पुगेको थियो। आन्दोलनपछि आवश्यक मर्मत तथा व्यवस्थापनका काम भए पनि क्षतिका कारण सिर्जित



सबै समस्या पूर्णरूपमा समाधान भइसकेका छैनन्।

त्यसैगरी, स्थानीय तहका कार्यालय तथा अन्य सार्वजनिक संरचनाले समेत आन्दोलनका क्रममा क्षति व्यहोरेका थिए। मधेशका प्रमुख शहरमध्ये वीरगन्ज महानगरपालिका र

बाँकी पृष्ठ ३ मा

## एकडारा-६ का २७५ परिवारले पाए गाउँ ब्लकको लालपुर्जा



**खबर दर्पण समाचारदाता**

**भदौ २४ गते, वर्दिवास**

महोत्तरीको एकडारा गाउँपालिका-६ मा गाउँ ब्लकअन्तर्गतको जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

साविक कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ अन्तर्गतका २७५ जना जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको हो ।

लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाणपत्र नपाएका स्थानीयवासीलाई लालपुर्जा उपलब्ध गराइएपछि उनीहरू खुसी भएका छन् ।

लालपुर्जा वितरण कार्यक्रममा संघीय सांसदहरू दीपक साह, उज्ज्वल झा, प्रदेश सांसद सुरिता साहलगायत जनप्रतिनिधि तथा स्थानीयको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै संघीय सांसद दीपक साहले वर्षौंदेखि जग्गा भोगचलन गर्दै आएका नागरिकलाई लालपुर्जा उपलब्ध गराउनु राज्यको महत्वपूर्ण दायित्व भएको बताए । उनले लालपुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी अधिकार थप सुरक्षित हुने उल्लेख गर्दै बाँकी समस्याको समाधानका लागि पनि पहल गर्ने प्रतिबद्धता जनाए ।

त्यस्तै, सांसद उज्ज्वल झाले गाउँ ब्लकको जग्गा व्यवस्थापनको कामले स्थानीयको वर्षौंदेखिको समस्या समाधान भएको बताए । उनले लालपुर्जा वितरणसँगै नागरिकले आफ्नो सम्पत्तिको कानुनी सुरक्षा पाउने र आवश्यक

बाँकी पृष्ठ ३ मा

सत्कर्म कृषि सहकारी संस्था लि.
बर्दिबास, महोत्तरी

साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

तपसिल

मिति : २०८३/०६/२९ गते बिहीबार
समय : बिहान ११:०० बजे
स्थान : गौतम होटल, बर्दिबास

साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

विशेष अनुरोध :

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

वेद बहादुर कार्की
सचिव
सत्कर्म कृषि सहकारी संस्था लि.
बर्दिबास, महोत्तरी
सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५

# जेनजी आन्दोलनको एक वर्ष : मधेसमा फेरिँदै राजनीतिक अभ्यास

-विरेन्द्र रमण




पछिल्लो समय युवा पुस्ता 'जेन-जी'ले उठाएको सशक्त आवाज र आन्दोलनको प्रभाव काठमाडौँका सडकमा मात्रै सीमित रहेन। त्यसको प्रभाव मधेसका गाउँदेखि सहरी जीवनसम्म देखिएको छ। मधेसका ग्रामीण क्षेत्रमा परम्परागत रूपमा राजनीतिक पकड जमाएका दललाई पछिल्लो आन्दोलनपछि ठूलो धक्का लागेको छ। प्रतिनिधिसभा निर्वाचनमा मधेसका ३२ सिटमध्ये ३० सिट परिवर्तनको नारा लिएर आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई दिएर मतदाताले परम्परागत राजनीतिक शक्तिप्रति असन्तुष्टि व्यक्त गरे। यसले मधेसकेन्द्रित दल मात्रै होइन, पुराना दलको राजनीतिक जगसमेत हल्लाइदिएको छ।

मधेसको राजनीतिमा जातीय र सामाजिक प्रभाव लामो समयदेखि रहँदै आएको छ। तर, युवा आन्दोलनपछि ती परम्परागत प्रभाव कमजोर हुँदै गएका छन्। युवाले आफ्ना माग र एजेन्डा स्थापित गर्ने प्रयास गरेका छन् भने मतदानबाट परिवर्तन सम्भव छ भन्ने विश्वास पनि बढेको देखिन्छ।

आन्दोलनपछि मधेसका गाउँगाउँको सामाजिक र राजनीतिक बहसमा पनि परिवर्तन आएको छ। युवाहरू विकास निर्माण र सामाजिक मुद्दामा खुलेर बहस गर्न थालेका छन्। डिजिटल माध्यम प्रयोग गर्दै उनीहरूले स्थानीय तह र प्रदेश सरकारमा देखिएका बेथिति तथा विकास निर्माणमा हुने ढिलासुस्तीबारे प्रत्यक्ष प्रश्न उठाउन थालेका छन्। यसले परम्परागत राजनीतिक अभ्यासमा परिवर्तनको अनुभूति गराएको छ।

## युवाले सोध्न थाले प्रश्न

युवा अभियन्ता बलिराम साहका अनुसार पहिले मधेसको राजनीतिमा कुनै गाउँमा कुन जातिको प्रभाव बढी छ र त्यस जातिका अगुवालाई कसरी आफ्नो प्रभावमा राख्ने भन्ने प्रतिस्पर्धा हुन्थ्यो। आन्दोलनपछि त्यसमा परिवर्तन देखिएको उनी बताउँछन्। "युवाहरू अहिले प्रश्न गर्न थालेका छन्। कुनै नेताले बजेट कति पारदर्शी बनायो, सार्वजनिक संस्थाले जनहितमा के काम गरे, कहाँ कमजोरी भयो भन्ने प्रश्न उठ्न थालेका छन्," उनी भन्छन्, "राजनीतिक परिवर्तनका लागि युवाले आफ्नो आवाज उठाउन थालेका छन्। यो निकै सकारात्मक पक्ष हो।"

हिजोसम्म डिजिटल प्लेटफर्म युवाका लागि मनोरञ्जनका साधनका रूपमा बढी प्रयोग हुन्थे। आन्दोलनपछि भने ती राजनीतिक र सामाजिक प्रश्न उठाउने सशक्त माध्यम बनेको युवा अभियन्ता दिवाकर उप्रेती बताउँछन्। "युवाहरू विगतमा राजनीतिमा भएका कमजोरीबारे खुला बहस र छलफल गर्न थालेका छन्," उनी भन्छन्, "अर्थात् युवाहरूको राजनीतिक चेतनाको स्तरमा परिवर्तन आएको छ।"

## पुस्तान्तरणको बहस

आन्दोलनपछि राजनीतिक दलभित्र पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको मुद्दा पनि बलियो रूपमा उठेको छ।

जनता समाजवादी पार्टीका सचिव तथा पूर्वमन्त्री सुरेश मण्डल जेन-जी आन्दोलनपछि पुस्तान्तरण र हस्तान्तरणको मुद्दा स्थापित भएको बताउँछन्। उनका अनुसार सत्ता, सदन र नीति निर्माणमा युवाको प्रतिनिधित्व बढेको छ भने कतिपय पार्टीमा पुस्तान्तरणको संघर्ष अझै जारी छ। "केही राजनीतिक दलमा अहिले पनि पुस्तान्तरणको मुद्दा संघर्षकै अवस्थामा छ," मण्डल भन्छन्, "तर यो हरेक राजनीतिक दलको मुद्दा बनेको छ। आज नभए भोलि स्थापित हुन्छ। यो निकै सकारात्मक पक्ष हो।"

उनका अनुसार विश्वविद्यालयका नियुक्तिदेखि सरकारसम्म युवाको प्रतिनिधित्व देखिन थालेको छ। यसलाई उनी आन्दोलनपछि देखिएको महत्त्वपूर्ण उपलब्धि मान्छन्। तर, सबैले आन्दोलनपछि अपेक्षित राजनीतिक परिवर्तन भएको ठानेका छैनन्।

नेपाली कांग्रेसका प्रदेशसभा सदस्य रामसरोज यादव आन्दोलनले उठाएका परिवर्तनका मुद्दाअनुसार उपलब्धि हासिल हुन नसकेको बताउँछन्। "जनताले संघीयता र परिवर्तनलाई संस्थागत गर्न चाहेका थिए। त्यसका लागि आवश्यक कानुन निर्माण हुन सकेनन्," उनी भन्छन्, "त्यसैले परिवर्तनको अनुभूति हुन सकेको छैन।" यद्यपि सरकारले केही उद्योग सञ्चालन गरेर सकारात्मक सन्देश दिन खोजेको यादव बताउँछन्।




जेन-जी आन्दोलनमा ठूलो भौतिक क्षति भयो। मधेसमा सरकारी संरचना, राजनीतिक दलका कार्यालयदेखि निजी सम्पत्तिसम्म तोडफोड र आगजनी भयो। मानव अधिकार क्षेत्रमा क्रियाशील इन्सेकको प्रतिवेदनअनुसार मधेस प्रदेशमा पाँच वटा अदालत, ७८ वटा सरकारी भवन, २१ वटा स्थानीय तह, ११ वटा प्रहरी कार्यालय, सात वटा सरकारी सम्पत्ति, एक शैक्षिक संस्था, तीन स्वास्थ्य कार्यालय, ११ वटा पार्टी कार्यालय र ३१ वटा निजी सम्पत्तिमा क्षति पुगेको थियो।

आन्दोलनका क्रममा सबैभन्दा बढी क्षति पुगेका संरचनामध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पनि एक हो। आगजनीपछि उक्त कार्यालय अझै पुरानै अवस्थामा छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको काम भने हाल गृह मन्त्रालय रहेको भवनबाट सञ्चालन भइरहेको छ।

अघिल्ला आन्दोलनको तुलनामा जेन-जी आन्दोलनमा ठूलो क्षति भए पनि त्यसअनुसार उपलब्धि नदेखिएको यादवको मूल्यांकन छ। "एक दिनमै सिंगो देश खरानीजस्तो भयो," उनी भन्छन्, "तर, त्यसअनुसारको उपलब्धि भएन।"



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राजनीति फेरियो....

जनकपुरधामका सार्वजनिक तथा स्थानीय संरचनामा उल्लेख्य क्षति पुगेको थियो। केही संरचनाको आंशिक मर्मत तथा पुनर्निर्माण भए पनि सबै संरचना पूर्ववत् अवस्थामा फर्काउन अझै समय लाग्ने देखिएको छ। आन्दोलनका क्रममा भएको भौतिक क्षतिको प्रत्यक्ष असर सरकारी सेवा प्रवाहमा समेत परेको थियो। कार्यालय भवन, कम्प्युटर तथा अन्य विद्युतीय उपकरण, फर्निचर र सवारीसाधनमा क्षति पुगेपछि नियमित प्रशासनिक काम प्रभावित भएका थिए। सेवाग्राहीलाई सेवा लिन कठिनाइ हुनुका साथै कतिपय कार्यालयले वैकल्पिक स्थान र सीमित साधनबाट काम सञ्चालन गर्नुपरेको थियो।

हाल अधिकांश सरकारी कार्यालयबाट नियमित सेवा सञ्चालन भइरहेको भए पनि क्षतिग्रस्त संरचनाको दीर्घकालीन पुनर्निर्माण अझै चुनौतीकै रूपमा रहेको छ। तत्कालीन क्षतिको मर्मतसँगै सार्वजनिक संरचनालाई सुरक्षित, व्यवस्थित र विपद् तथा सम्भावित जोखिमबाट जोगाउन सकिने गरी पुनर्निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ।

जेनजी आन्दोलनले राजनीतिक र सामाजिक रूपमा नयाँ बहस सिर्जना गरे पनि त्यसका क्रममा सार्वजनिक सम्पत्तिमा भएको क्षतिको पुनर्निर्माणमा भएको ढिलाइले राज्यलाई आर्थिक भार थपिएको छ। क्षतिग्रस्त संरचनाको पुनर्निर्माणसँगै सार्वजनिक सम्पत्तिको संरक्षण, सुरक्षा र भविष्यमा यस्ता घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि स्पष्ट नीति र कार्ययोजना आवश्यक देखिएको छ।

# एकडारा-६ का २७५ परिवारले....

परेको अवस्थामा त्यसको उपयोग गर्न सहज हुने धारणा राखे ।

प्रदेश सांसद सुरिता साहले लालपुर्जा प्राप्त गर्नु स्थानीय नागरिकका लागि ठूलो उपलब्धि भएको बताइन् ।

उनले अझै पनि जग्गासम्बन्धी समस्या रहेका नागरिकको पहिचान गरी प्रक्रिया अघि बढाउन सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताइन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँ ब्लकको जग्गालाई कानुनी स्वामित्व प्रदान गर्ने प्रक्रिया नागरिकको हितसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए ।

उनले प्राप्त प्रमाण र आवश्यक प्रक्रिया पूरा भएका जग्गाधनीलाई नियमानुसार लालपुर्जा वितरण गर्ने कार्यलाई प्रशासनले प्राथमिकताका साथ सहजीकरण गर्दै आएको उल्लेख गरे ।

प्रजिअ यादवले जग्गाको लालपुर्जा पाएपछि त्यसको संरक्षण, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रियाको पालना गर्न सम्बन्धित जग्गाधनीलाई आग्रहसमेत गरे ।

लालपुर्जा वितरण कार्यक्रममा स्थानीय जनप्रतिनिधि, प्रशासन तथा सम्बन्धित कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो ।

लामो समयदेखि गाउँ ब्लकको जग्गाको स्वामित्व प्रमाणपत्रको प्रतीक्षामा रहेका स्थानीयले लालपुर्जा पाएसँगै आफूहरूको वर्षौंदेखिको समस्या समाधान भएको प्रतिक्रिया दिए ।

---

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६३।११।२० मा दर्ता भएको प्रा.लि.नं.४४४७५ भएको शिखर मनि ट्रान्सफर (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।०३ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७२।०५।१६ मा दर्ता भएको प्रा.लि.नं.१३९४८३ भएको विसक्सेन बुटिक रिसोर्ट (प्रा.ली.) को को २०८३।०५।२४ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को् दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८

कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ

सम्पर्क नम्वरः९८४९७१४८६७

---

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७३।०५।१२ मा दर्ता भएको शिव शंकर काष्ठ उद्योग प्राइभेट लिमिटेड (प्रा.ली. नं. १५४७०८) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६९।११।३० मा दर्ता भएको द एडभेन्चर एक्सपोर्ट प्राइभेट लिमिटेड (प्रा.ली. नं. ११०४९२) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



# सिरहामा सामाजिक जवाफदेहिता औजारसम्बन्धी अभिमुखीकरण

**बिनिता यादव**

**भदौ २४ गते, जनकपुरधाम**
स्थानीय तहको निर्णय प्रक्रियामा नागरिकको सहभागिता बढाउँदै सार्वजनिक सेवा र विकास निर्माणका कामलाई थप पार दर्शी तथा जवाफदेही बनाउने उद्देश्यले सिरहा नगरपालिकामा पालिकास्तरीय सामाजिक जवाफदेहिता औजार तथा यसको महत्वसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

सिरहा नगरपालिकामा बुधवार (भदौ २४ गते ) आयोजित कार्यक्रममा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायलाई स्थानीय शासन प्रक्रियामा सक्रिय सहभागी गराउने, आफ्ना सवाल र अधिकारका विषयमा सम्बन्धित निकायसँग प्रश्न गर्न सक्ने क्षमता विकास गर्ने तथा सार्वजनिक निकायबाट जवाफ माग्ने वातावरण निर्माण गर्ने विषयमा छलफल गरिएको थियो।

युरोपेली युनियन र संयुक्त राष्ट्रसङ्घको सहयोगमा सशक्त महिला र समृद्ध नेपाल कार्यक्रम अन्तरर्गत प्रो पब्लिक, Youth for Good Governance Promoting (YGGP) र NEEDS Nepal को आयोजनामा यो अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा प्रो पब्लिकका टिम लिडर पोष्ट बहादुर केसीले स्थानीय तहमा सामाजिक जवाफदेहिताको अवधारणा, यसको आवश्यकता, प्रयोग हुने विभिन्न औजार तथा नागरिकको सहभागिताबाट स्थानीय सरकार लाई कसरी थप उत्तरदायी बनाउन सकिन्छ भन्ने विषयमा सहजीकरण गर्नुभएको थियो। सहभागीलाई सामाजिक जवाफदेहिताका औजारको प्रयोगमार्फत सार्वजनिक सेवा, विकास योजना, बजेट तथा कार्यक्रमको अनुगमन गर्न सकिने विषयमा जानकारी गराइएको थियो।

स्थानीय तहले सञ्चालन गर्ने योजना तथा कार्यक्रम निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्म नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्नेमा कार्यक्रममा जोड दिइएको थियो। विशेषगरी महिला, सीमान्तकृत तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायले स्थानीय तहको योजना निर्माण र निर्णय प्रक्रियामा आफ्नो आवाज राख्न सक्ने वातावरण बनाउनुपर्ने आवश्यकता औंल्याइएको थियो। कार्यक्रममा सामाजिक जवाफदेहिताका विभिन्न औजारको प्रभावकारी प्रयोगले स्थानीय सरकार र नागरिकबीचको दूरी घटाउन सहयोग पुग्ने बताइएको थियो। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक अनुगमन तथा सरोकारवालाबीचको संवादजस्ता अभ्यासलाई प्रभावकारी बनाउन सके स्थानीय तहमा पारदर्शिता र जवाफदेहिता बढाउन सकिने धारणा राखिएको थियो।

सहभागीहरूले स्थानीय तहमा बजेट तथा योजना निर्माण गर्दा वास्तविक आवश्यकता र नागरिकका प्राथमिकतालाई समेट्नुपर्ने बताएका थिए। विकास निर्माण तथा सेवा प्रवाहका क्रममा हुने कमजोरी पहिचान गरी सुधारका लागि नागरिकले रचनात्मक रूपमा प्रश्न गर्न तथा सुझाव दिन सक्ने वातावरण आवश्यक रहेको उनीहरूको भनाइ थियो।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, महिला तथा पछाडि पारिएका समुदायका प्रतिनिधि र सम्बन्धित सरोकारवालाको सहभागिता रहेको थियो। सहभागीलाई सामाजिक जवाफदेहिताका औजारको प्रयोग, नागरिक सहभागिता र स्थानीय सरकारसँग प्रभावकारी रूपमा संवाद गर्ने विषयमा जानकारी दिइएको थियो।



कार्यक्रमका मधेस प्रदेश संयोजक अजय साहले सामाजिक जवाफदेहिता लोकतान्त्रिक शासन व्यवस्थाको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै सुचनाको हकको प्रयोग तथा स्थानीय तहमा यसको नियमित अभ्यास आवश्यक रहेको बारे प्रस्तुतीकरण गरेका थिए। नागरिकले सार्वजनिक स्रोतको उपयोग र सेवा प्रवाहबारे जानकारी पाउने तथा आवश्यक परेमा सम्बन्धित निकायसँग जवाफ माग्न पाउने अधिकारलाई व्यवहारमै स्थापित गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रमले विशेषगरी महिला तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायलाई स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण सहभागिता जनाउन सक्षम बनाउने र स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता, नागरिक सहभागिता तथा लैङ्गिक समानता प्रवर्द्धन गर्न सहयोग पुग्ने आयोजकको विश्वास छ।


**स्वच्छ शहरः स्वस्थ्य शहर**

- ❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- ❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- ❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- ❖ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
- ❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- ❖ सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**



**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- ❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- ❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- ❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- ❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- ❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
- ❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- ❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**स्वच्छ शहरः स्वस्थ्य शहर**

- ❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- ❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- ❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- ❖ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
- ❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- ❖ सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**



**मिथिला नगरपालिका, धनुषा**



**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- ❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- ❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- ❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- ❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- ❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- ❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- ❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- ❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**



**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- ❖ आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- ❖ कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- ❖ स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- ❖ कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- ❖ जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- ❖ कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- ❖ नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,